प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. १

बिराटनगर (नेपाल)

पत्र संख्या : २०७६/७७

च.नं. 9069

मितिः २०७६/१२/१२

**विषयः कार्यक्रम कार्यान्वयनका लागि सम्झौता गर्न आउने सम्बन्धी सुचना ।**

यस मन्त्रालयको आ.व. २०७६/७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मिति २०७६/०४/२४ गतेको दैनिक गोरखापत्र दैनिक र दोश्रो पटक मिति २०७६/०९/०३ गतेको कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका प्रस्तावहरु मध्ये तपसिलका कार्यक्रमहरुको मिति २०७६/११/२३ गतेका दिन **"कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि,२०७६" को अनुदानग्राही छनौट समितिको निर्णयले** देहाय बमोजिमका प्रस्तावहरु मूल्यांकित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुँदा, प्रस्तावदाताहरुलाई अनुदानग्राही छनौट सम्बन्धमा कुनै चित नबुझेमा वा गुनासो भएमा मिति २०७६/११/२६ गतेका दिन यस मन्त्रालयको वेभसाईड र सूचना पाटीमा सूचना राखि सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ र कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ को दफा २३ को उपदफा (१) दफामा व्यवस्था भए बमोजिम उजुरी दर्ता हुन नआएकोले तपसिल अनुसार छनौट भएका आवेदकहरु आवश्यक कागजातहरु लिई कार्यक्रम कार्यान्वयनका लागि सम्झौता आउनु हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

१. हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन तथा प्रबर्द्धन कार्यक्रम :

| सि.नं. | संस्था आबेदकको नाम | ठेगाना |
|---|---|---|
| १ | उत्सव कृषि सहकारी संस्था लि. | झापा गाउपालिका-२, झापा |
| २ | ग्राम लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | रंगेली नगरपालिका-७, मोरंग |
| ३ | श्री साना किसान महिला कृषि सहकारी संस्था लि. | गौरादह नगरपालिका-९ बैगुनधारा, झापा |

२. मिल्किङ्ग पार्लर स्थापना कार्यक्रमः

| सि. नं. | संस्था आबेदकको नाम | ठेगाना |
|---|---|---|
| १ | स्वास्तीक दुग्ध फार्म | बिराटनगर-५,मोरङ्ग |

<u>सम्झौता गर्न आउँदा संलग्न गर्नुपर्ने कागजातहरुः</u>

१. प्रस्तावकले प्रस्ताव गरेको परियोजनाको विस्तृत कार्ययोजना र लागत खर्चको विवरण ।
२. सम्बन्धित नगरपालिका/गाउँपालिका कार्यालयको सिफारिश पत्र (सम्झौताका लागि)
३. सम्झौता गर्न आउने आधिकारिक व्यक्तिलाई सम्झौता गर्नका लागि समुह/फर्म/संस्थाको निर्णय सहितको अख्तियारनामा पत्र।
४. लागत इष्टिमेट, डिजाईन, स्पेसिफिकेसन, कोटेशन आदि ।
५. आफूले लगानी गर्ने २५ प्रतिशत रकमको बैक स्टेटमेण्ट ।

२०७६/१२/१२

सचिव